# मदिरा ऐन, २०३१

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशित मिति |
|---|---|
| | २०३१।६।२० |
| १. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| २. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ३. मदिरा (पहिलो संशोधन) ऐन, २०५७ | २०५७।१०।४ |
| | प्रमाणीकरण र प्रकाशित मिति |
| ४. आर्थिक ऐन, २०६५ | २०६५।९।२ |
| ५. [1]गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |
| ६. आर्थिक ऐन, २०७३ | २०७३।७।२९ |
| ७. आर्थिक ऐन, २०७५ | २०७५।३।३२ |
| ८. आर्थिक ऐन, २०८० | २०८०।३।३१ |
| ९. आर्थिक ऐन, २०८१ | २०८१।४।१ |

२०३१ सालको ऐन नं. १०

[२] .....................

मदिराको नियन्त्रण गर्न बनेको ऐन

प्रस्तावनाः सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नको लागि मदिराको उत्पादन, बिक्री वितरण र निकासी पैठारी समेतमा नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "मदिरा ऐन, २०३१" रहेको छ।

(२) यो ऐन नेपाल [३]........ भर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

[४](क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

[५](ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ।

[६](ग) "इजाजतपत्र" भन्नाले दफा ६क. बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको इजाजतपत्र सम्झनु पर्छ।

[७](ग१) "अन्तःशुल्क अधिकृत" भन्नाले अन्तःशुल्क सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको अधिकृत सम्झनु पर्छ।

[८](ग२) "उत्पादक" भन्नाले मदिरा उत्पादन गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

[९](ग३) "व्यक्ति" भन्नाले कुनै व्यक्ति, प्रतिष्ठान, सङ्घ, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोषको सञ्चालक, प्रोप्राइटर वा मुख्य भई काम गर्ने प्रतिनिधि वा एजेण्ट सम्झनु पर्छ र सो शब्दले नाफाको उद्देश्य लिई वा नलिई मदिराको उत्पादन वा पैठारी गरी थोक वा खुद्रा वा जुनसुकै रूपमा बिक्री वितरण गर्ने निकाय वा त्यस्तो निकायको शाखा, उपशाखा वा त्यस्तै अन्य कारोबार गर्ने स्थान समेतलाई जनाउँछ।

[१०](ग४) "पैठारी" भन्नाले प्रचलित कानून बमोजिम विदेशबाट नेपालभित्र मदिरा ल्याउने कार्य सम्झनु पर्छ।

[११](ग५) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. मदिराको उत्पादनमा नियन्त्रणः कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन।

[१२]३क. स्थानीय मदिरा सम्बन्धी व्यवस्थाः स्थानीय मदिराको उत्पादन, ब्राण्डिङ्ग तथा नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. मदिराको बिक्री वितरणमा नियन्त्रणः कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार, रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन।

[१३]४क. मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देजः (१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन।

(२) कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्नु हुँदैन।

(३) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्नु हुँदैन।

५. मदिराको निकासी पैठारीमा नियन्त्रणः कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन, [१४]निकासी वा पैठारी वा सञ्चय गर्न पाउने छैन।

[१५]६. इजाजतपत्र लिनु पर्नेः अन्तःशुल्क ऐन, २०५८ वा अन्तःशुल्क नियमावली, २०५९ बमोजिम इजाजतपत्र नलिई कसैले पनि मदिराको उत्पादन, [१६]पैठारी, निकासी, बिक्री वा सञ्चय गर्न पाउने छैन।

[१७]६क. इजाजतपत्र दिनु पर्नेः दफा ६ बमोजिम इजाजतपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन मनासिब देखेमा तोकिए बमोजिमको शर्तको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।

तर अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई इजाजतपत्र दिइने छैन।

[१८]६ख. इजाजतपत्रको अवधि र नवीकरण: इजाजतपत्रको अवधि र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

[१९]६ग. इजाजतपत्र रद्द गर्न सक्नेः तोकिएको अधिकारीले दफा ६क. बमोजिम दिइएको इजाजतपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) इजाजतपत्र नवीकरण नगरेमा,

(ख) इजाजतपत्रमा तोकिएका शर्त उल्लङ्घन गरेमा,

(ग) दफा ४क. विपरीत काम गरेमा।

७. लागू नहुने अवस्था: यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको निमित्त तोकिएको परिमाणमा रक्सी वा जाँड बनाउन यस ऐन अन्तर्गत इजाजतपत्र लिनु पर्ने छैन।

[२०]८. खानतलासी, कब्जा वा गिरफ्तार गर्न सक्नेः (१) कुनै स्थानमा यस ऐन बमोजिम सजाय हुने कसूर भएको छ भन्ने मनासिब माफिकको कारण भएमा अन्तःशुल्क अधिकृतले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा अन्तःशुल्क अधिकृतले खानतलासी गर्नुपर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसूर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा अन्तःशुल्क अधिकृतले निजलाई गिरफ्तार गर्न सक्नेछ।

(५) यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा अन्तःशुल्क अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ।

(६) अन्तःशुल्क अधिकृतले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा स्थानीय प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ।

(७) अन्तःशुल्क अधिकृतले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. गिरफ्तारी र कब्जाको प्रतिवेदन दिनु पर्नेः यस ऐन अन्तर्गत कसैलाई गिरफ्तार गरेको वा [२१]कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा अन्तःशुल्क अधिकृतले सो कुराको प्रतिवेदन चौबीस घण्टाभित्र छिटो साधनद्वारा आफूभन्दा एक तहमाथिको अधिकारी समक्ष पठाउनु पर्नेछ।

१०. नेपाल सरकारलाई तिर्नु पर्ने रकम सरकारी बाँकी सरह असुल गर्नेः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट अन्तःशुल्क अधिकृतले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

[२२]११. दुःख दिने नियतले खानतलासी, कब्जा वा गिरफ्तार गर्नेलाई सजायः यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति पुऱ्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई छ महिनासम्म कैद वा एक लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

[२३]१२. सजायः (१) कसैले देहायको कसूर गरेमा बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछः-

(क) अन्तःशुल्क ऐन, २०५८ बमोजिम मदिरामा तिर्नु पर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख) इजाजतपत्र नलिई मदिरा [२४]उत्पादन, निकासी वा पैठारी गरेमा,

(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐन विपरीत कुनै कसूर गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लिखित कसूर गर्न प्रयत्न वा दुरुत्साहन गरेमा सो उपदफामा उल्लिखित सजायको आधा सजाय हुनेछ।

(३) कसूरसँग प्रत्यक्ष वा परोक्ष रूपमा प्रयोग हुन आएको भाँडावर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेशिन, उपकरण वा सवारी साधन समेत जफत हुनेछ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले सवारी साधन प्रयोग गरेको र सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रूपैयाँ जरिवाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा पन्ध्र हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सवारी साधन भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकको संलग्नतामा प्रयोग गरेको पाइएमा त्यस्तो सवारी साधन जफत हुनेछ।

[२५]१३. मदिरा तथा अन्य सामानको जफत र बिक्रीः (१) कुनै व्यक्तिले यस ऐन विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा अन्तःशुल्क अधिकृतले जफत गर्नेछ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा अन्तःशुल्क अधिकृतले तोकिए बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

(३) यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरू अन्तःशुल्क अधिकृतले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ।

तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन।

[२६]१३क. सहयोग गर्नु पर्नेः यस ऐन अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा अन्तःशुल्क अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

१४. मुद्दा हेर्ने अधिकारीः (१) दफा ११ अन्तर्गतको मुद्दामा सुरु कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकारीलाई र सो बाहेक यस ऐन अन्तर्गतको अरु मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार अन्तःशुल्क अधिकृतलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम सुरु कारबाही र किनारा गर्ने अधिकारीलाई प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्राप्त हुनेछ।

[२७]१५. पुनरावेदनः (१) यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा र नेपाल सरकारले तोकी दिएको अधिकारीले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको एक प्रति सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ।

[२८]१५क. पुरस्कारः (१) कसैले यस ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसारपसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरूप दिइनेछः-

(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नेपाल सरकारले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कार स्वरूप दिन सक्नेछ।

(४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ।

१६. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरू बनाउन सक्नेछ।

[२९]१७. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि मदिरा प्रशासन सम्बन्धी अन्य प्रचलित नेपाल कानून बमोजिम इजाजतपत्र, मदिराको कच्चा पदार्थ, उत्पादन, निष्कासन, प्रतिलब्धि दर, दरबन्दी र दस्तुर सम्बन्धी व्यवस्था अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१८. <u>यसै ऐन बमोजिम हुने:</u> यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ र दफा १७ मा लेखिएदेखि बाहेक यस ऐनसित बाझिने प्रचलित नेपाल कानून बाझिएको हदसम्म यस ऐनको प्रयोजनको निमित्त खारेज भए सरह मानिनेछ।

## अन्त्य टिप्पणी

---

[1] यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको हो।

[2] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

[3] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा "अधिराज्य" भन्ने शब्द झिकिएको।

[4] पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनको व्यवस्थाः "(क) "मदिरा" भन्नाले फलफूल, अन्न वा कुनै पदार्थ कुहाई वा अन्य कुनै तरिकाले तयार गरिने सबै किसिमको रक्सी सम्झनु पर्छ र सो शब्दले जाँड, बियर, ताडी, रक्सी तयार गर्ने महुवा र रेक्टीफाइड स्प्रिट समेतलाई जनाउँछ"।

[5] पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनको व्यवस्थाः "(ख) "उत्पादन" भन्नाले रक्सी तैयार गर्नको लागि फलफूल, अन्न वा अन्य कुनै पदार्थ कुहाउने, पकाउने वा त्यसमा रक्सीको बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने सबै वा कुनै विधि वा कार्यलाई सम्झनु पर्छ।"

[6] पहिलो संशोधनद्वारा संशोधित।मूल ऐनको व्यवस्थाः "(ग) "अनुमतिपत्र" भन्नाले ठेक्काको सम्बन्धमा दिइने पट्टा, कबुलियतलाई समेत जनाउँछ।

[7] आर्थिक ऐन, २०६५ द्वारा थप भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएको। आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[8] आर्थिक ऐन, २०६५ द्वारा थप भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएको। आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[9] आर्थिक ऐन, २०६५ द्वारा थप भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएको। आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[10] आर्थिक ऐन, २०६५ द्वारा थप भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएको। आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[11] आर्थिक ऐन, २०६५ द्वारा थप भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएको। आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[12] आर्थिक ऐन, २०८१ द्वारा थप।

[13] पहिलो संशोधनद्वारा थप।

[14] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा आर्थिक ऐन, २०८० द्वारा "पैठारी, निकासी, बिक्री" भन्ने शब्दहरु राखी संशोधन कायम गरेको।

[15] आर्थिक ऐन, २०७५ द्वारा संशोधन। मूल ऐनको दफा ६ मा हालसम्म देहाय बमोजिम संशोधन भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

(१) मूल ऐनको व्यवस्थाः "६. अनुमतिपत्र दिने अधिकारी, अनुमतिपत्रको ढाँचा, शर्त, दस्तुर आदिः यस ऐन अन्तर्गत दिइने अनुमतिपत्रको ढाँचा र शर्त, अनुमतिपत्र दिने तरिका,

अनुमतिपत्र दिने अधिकारी, अनुमतिपत्रको निमित्त लाग्ने दस्तुर र अनुमतिपत्र सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ।

(२) पहिलो संशोधनबाट कायम भएको व्यवस्थाः "६. अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेः मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न चाहनेले अनुमतिपत्र लिनको लागि तोकिए बमोजिमको ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।"

(३) आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "६. इजाजतपत्र लिनु पर्नेः अन्तःशुल्क ऐन, २०५८ वा सो अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि मदिराको उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न पाउने छैन।"

(४) आर्थिक ऐन, २०७३ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "६. इजाजतपत्र लिनु पर्नेः अन्तःशुल्क ऐन, २०५८ वा अन्तःशुल्क नियमावली, २०५९ बमोजिम इजाजतपत्र नलिई कसैले पनि मदिराको उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न पाउने छैन।"

[१६] आर्थिक ऐन, २०८० द्वारा संशोधित। साविकमा "पैठारी, बिक्री" भन्ने शब्दहरु रहेका।

[१७] पहिलो संशोधनद्वारा थप। आर्थिक ऐन, २०७५ द्वारा "अनुमतिपत्र" भन्ने शब्दको सट्टा "इजाजतपत्र" भन्ने शब्द राखी रुपान्तर।

[१८] पहिलो संशोधनद्वारा थप। आर्थिक ऐन, २०७५ द्वारा "अनुमतिपत्र" भन्ने शब्दको सट्टा "इजाजतपत्र" भन्ने शब्द राखी रुपान्तर।

[१९] पहिलो संशोधनद्वारा थप। आर्थिक ऐन, २०७५ द्वारा "अनुमतिपत्र" भन्ने शब्दको सट्टा "इजाजतपत्र" भन्ने शब्द राखी रुपान्तर।

[२०] पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनको व्यवस्थाः "८. वारेण्ट जारी गर्ने अधिकारः यस ऐन अन्तर्गत सजाय हुने अपराध कसैले गरेको छ वा गर्न लागेको छ भन्ने विश्वास पर्ने कारण भएमा त्यस्तो व्यक्तिको गिरफ्तारीको निमित्त अन्तःशुल्क अधिकारीले वारेण्ट जारी गर्न सक्नेछ। अन्तःशुल्क अधिकारीले कुनै घर जग्गा वा सवारीमा त्यस्तो अपराधसँग सम्बन्धित कुनै व्यक्ति लुकेको छ वा कुनै पदार्थ राखिएको छ भन्ने आफूलाई विश्वास भएमा त्यस्तो घर जग्गा वा सवारीको खानतलासी गर्नको निमित्त आदेश जारी गर्न सक्नेछ।"

[२१] पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनमा रहेका "कुनै घर जग्गा वा सवारीमा" भन्ने शब्दहरुको सट्टा "कुनै स्थानमा" भन्ने शब्दहरु राखी संशोधन।

[२२] पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनको व्यवस्थाः "११. दुःख दिने नियतले गिरफ्तार, खानतलासी वा कब्जा गर्नेलाई सजायः यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति पुऱ्याउने नियतले कसैको घर, जग्गा वा सवारीभित्र प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, जफत गर्न नहुने चिजवस्तु जफत गर्ने, गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।"

[२३] आर्थिक ऐन, २०७५ द्वारा संशोधन। मूल ऐनको दफा १२ मा हालसम्म देहाय बमोजिम संशोधन भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम। पहिलो संशोधनद्वारा कायम भएको व्यवस्थालाई आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएको र आर्थिक ऐन, २०७१ द्वारा पुनः संशोधन भई आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

(१) मूल ऐनको व्यवस्थाः "१२. दण्ड सजायः (१) यो ऐन विरुद्ध काम गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(२) उपदफा (१) बमोजिमको काम गर्न उद्योग गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन सय रुपैयाँसम्म जरििवाना वा दुवै सजाय हुनेछ।"

(२) पहिलो संशोधनबाट कायम भएको व्यवस्थाः "१२ दण्ड सजायः (१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(३) आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "१२. दण्ड सजायः (१) कसैले देहायका कसूर गरेमा त्यस्ता व्यक्तिलाई त्यस्तो कसूरको निमित्त बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछः-

(क) अन्तःशुल्क ऐन, २०५८ बमोजिम मदिरामा तिर्नु पर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख) इजाजतपत्र नलिई मदिरा उत्पादन वा पैठारी गरेमा,

(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐन विपरीत कुनै कसूर गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा लेखिएको कसूर गर्न प्रयत्न वा दुरुत्साहन गरेमा सो उपदफामा उल्लिखित सजायको आधा सजाय हुनेछ।

(३) कसूरसँग प्रत्यक्ष वा परोक्ष रुपमा प्रयोग हुन आएको भाँडा वर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेशिन, उपकरण र सवारी साधन समेत जफत हुनेछ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले भाडाको सवारी साधन प्रयोग गरेको र सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिवाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकको संलग्नतामा प्रयोग गरेको पाइएमा त्यस्तो सवारी जफत हुनेछ।"

(४) आर्थिक ऐन, २०६८ द्वारा उपदफा (४) मा संशोधनः "(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सवारी साधन भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकको संलग्नतामा प्रयोग गरेको पाइएमा त्यस्तो सवारी जफत हुनेछ।"

(५) आर्थिक ऐन, २०७२ द्वारा उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "भाडाको" भन्ने शब्दलाई झिकेको ।

२४ आर्थिक ऐन, २०८० द्वारा संशोधित। साविकमा "उत्पादन वा पैठारी" भन्ने शब्दहरु रहेका।

२५ पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनको व्यवस्थाः "१३. जफत हुनेः यो ऐन विरुद्ध गरेको कामसँग सम्बन्धित मदिरा र सो काम गर्न प्रयोग गरिएका सबै माल सामान जफत हुनेछ।"

२६ पहिलो संशोधनद्वारा थप।

२७ आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

(१) मूल ऐनको व्यवस्थाः "१५. पुनरावेदनः यस ऐन बमोजिम अन्तःशुल्क अधिकारीले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा र श्री ५ को सरकार वा नेपाल सरकारले तोकी दिएको अधिकारीले गरेको निर्णय उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ।"

(२) न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा "क्षेत्रीय अदालतमा" भन्ने शब्दहरुको सट्टा "अञ्चल अदालतमा" भन्ने शब्दहरु राखिएको।

(३) न्याय प्रशासन ऐन, २०४८ द्वारा "अञ्चल अदालतमा" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालतमा" भन्ने शब्दहरु राखिएको।

(४) आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "१५. पुनरावेदनः (१) यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा र नेपाल सरकारले तोकिदिएको अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको एक प्रति सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ।"

२८ पहिलो संशोधनद्वारा थप।

२९ आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको। मूल ऐनको व्यवस्थाः

"१७. बचाउः यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानून बमोजिम भट्टी वा डिष्टिलरीबाट मदिरा उत्पादन गर्ने ठेक्का वा अनुमति प्राप्त गरेकोलाई यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।"

द्रष्टव्यः (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर गरिएका शब्दहरू:- "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

(२) न्याय प्रशासन ऐन, २०७३ द्वारा रूपान्तर गरिएका शब्दहरू:- "पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत"।

(३) आर्थिक ऐन, २०६५ द्वारा रूपान्तर गरिएका र त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएका शब्दहरू:- "अनुमतिपत्र" भन्ने शब्दको सट्टा "इजाजतपत्र" भन्ने शब्द र "अन्तःशुल्क अधिकारी" भन्ने शब्दहरूको सट्टा "अन्तःशुल्क अधिकृत"।

**नोटः यस पुस्तकमा उल्लिखित संशोधनको सम्बन्धमा कुनै द्विविधा भएमा सम्बन्धित सालको आर्थिक ऐन वा अध्यादेश प्रकाशित नेपाल राजपत्र हेर्नुहुन अनुरोध गरिन्छ।**